नगरपालिका कार्यालय
दर्ता नं.: ११२६
मिति: २०८०।०८।०८

# रामधुनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

कोशी प्रदेश,नेपाल

श्री लेखा शाखा

प.सं. ०८० / ०८१
च.नं.

मिति : २०८०।०८।२८

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
**रामधुनी नगरपालिका, सुनसरी ।**

बिषय : आन्तरिक लेखा परिक्षण सम्बन्धमा ।

**प्रस्तुत बिषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को ऐन ७७ को दफा २ बमोजिम यस नगरपालिकाको आ.ब.२०७९/०८० को बिनियोजन राजश्व धरौटी र अन्य कारोवारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित पेश भए सम्मको लेखा र लेखा सँग सम्बन्धित कागजपत्र परिक्षण गरी पेश गरेको ब्यहोरा जानकारीका साथ अनुरोध छ ।**

**बोधार्थ :**
**श्री संघीय मामिला तथा सामान्य प्रशासन** मन्त्रालय, सिंहदरवार काठमाणडौं ।
**श्री महालेखा परीक्षकको कार्यालय, काठमाणडौं ।**
**श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय,** इनरुवा, सुनसरी ।

..................
आ.ले.प. अधिकृत
रामधुनी नगरपालिका

# रामधुनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं.-१

आ.व. २०७९/०८० अवधी २०७९/०४/०१-२०८०/०३/३१

| सि.न. | आय तर्फ | | | सि.न. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १८९३७४७००.७९ | १ | चालु खर्च | | ४१२७०४२४५.५३ |
| | क) नगद | ० | | | क) नगरपालिका | १७७६९४८१४.०८ | |
| | ख) बैंक | १८९३७४७००.७९ | | | ख) संघीय सरकारबाट हस्तान्तरित | २३३६३०३५३.९५ | |
| २ | राजस्व (आन्तरीक आय) | | १८९१९५७७४.३६ | | ग) प्रदेश सरकारबाट हस्तान्तरित | १३७९०७७.५० | |
| | क) आन्तरीक राजश्व | ७१४७१८७९.९७ | | २ | पूँजीगत खर्च | | २८३२३११३५.८९ |
| | ख) राजश्व बाडफाड संघिय सरकार | ८१७३३७२८.९६ | | | क) नगरपालिका | २३९८८८१४४.५० | |
| | ग) मालपोत बाट प्राप्त | २८४२६७१०.०० | | | ख) प्रदेश समपुरक अनुदान | ७३१७४४९.७२ | |
| | घ) राजश्व बाडफाड सवारी साधन कर प्रदेश | ५२१८६२६.९६ | | | ग) संघीय सरकाबाट हस्तान्तरित | २५८८४१६९.५५ | |
| | ङ) रोयल्टी | २३४४८२८.४७ | | | घ) प्रदेश सरकारबाट हस्तान्तरित | १०१४१३७२.१२ | |
| ३ | वितिय हस्तान्तरण संघीय सरकार | | ४१६०२४५२३.५० | ३ | कार्यसञ्चालन कोष | | ६२३७२३६.९५ |
| | क) समानीकरण अनुदान | १५६५१००००.०० | | | क) खर्च खाता | | |
| | ख) सशर्त अनुदान | २५७५१४५२३.५० | | | ख) प्रकोप व्यवस्थापन कोष | २९५०८६४.४५ | |
| | ग) समपुरक अनुदान | २००००००.०० | | | ग) मर्मत सम्भार कोष (कन्टिजेन्सी समेत) | ३२८६३७२.५० | |
| ४ | प्रदेश सरकार बाट प्राप्त अनुदान | | २८०७१७६४.४२ | | घ) महिला तथा बालविकास कोष (करुणा फाउण्डेशन) | | |
| | क) समानीकरण अनुदान | ८२३३७५०.०० | | | ङ) मानव संशाधन विकास कोष (शिक्षा कोष) | | |
| | ख) सशर्त अनुदान | १२५११०५३.०० | | ४ | धरौटी खर्च | | |
| | ग) समपुरक अनुदान | ७३२६९६१.४२ | | ५ | बैंक मैज्दात | | १३८३७२१३१.३० |
| | घ) विशेष अनुदान | ०.०० | | | धरौटी बैंक मौज्दात | | |
| ५ | ङ) समानीकरण | ०.०० | | | संचित कोष बैंक मौजदात | १२९२१०४३८.२४ | |
| | अन्य विविध आय | | १७८७७९८६.६० | | ग २.७ विविध खर्च खाता | १२०००.०० | |
| | क) करुणा फाउण्डेसन | २३३१००.०० | | | ग.५.१ स्थानीय तह विविध कोष खाता | ८०२७६७९.६० | |
| | ख) आकस्मिक कोष खाता | ५४५१०००.०० | | | ग.७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष | ४१६४५५.०५ | |
| | ग) स्थानीय तह विविध कोष खाता | ८२०२७५५.८७ | | | ग ७.१ स्थानीय तह आकस्मिक कोष | ७०५५५८.४१ | |
| ६ | ग) शिक्षा विविध कोष | २९५९५०.०० | | | पुजिगत खर्च खाता | | |

आ.ले.प. अधिकृत

रामधुनी नगरपालिका

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) कन्टनजेन्सी/ मर्मत कोष | ३६९५१८०.७३ | | | चालु खर्च खाता | | |
| घरौटी खर्च खाता | | ० | | प्रदेश तथा संघिय फिर्ता | ३६००४९७२.०८ | |
| | ८४०५४४७४९.६७ | ८४०५४४७४९.६७ | | | ८४०५४४७४९.६७ | ८४०५४४७४९.६७ |

आ.ले.प.अधिकृत
रामधुनी नगरपालिका

# रामधुनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

**आन्तरिक लेखा परिक्षण**

नेपाल संविधान २०७२ सँगै प्रदेश नं. १ का १४ जिल्ला मध्ये सुनसरी जिल्लामा अवस्थित पूर्वमा ईटहरी उप-महानगरपालिका, पश्चिममा वराहक्षेत्र नगरपालिका, उत्तरमा धरान उप-महानगरपालिका तथा दक्षिणमा इनरुवा नगरपालिका सँग जोडिएर झण्डै डमरुको आकारमा ९१.६९ वर्ग कि.मि.मा फैलिएको यो नगर २०७१ साल मंसिर १६ गते नेपाल सरकार बाट रामधुनी-भासि नगरपालिकाको रुपमा घोषणा भई सोहि सालको पौष १ गते बाट नगरपालिकाको हैसियतमा विधिवत रुपमा आफ्नो कार्यारम्भ गरेको नयाँ नगरपालिका हो र इनरुवा र इटहरी नगरपालिकाको बिचमा रहेको तथा विगतको भादगाउँ सिनुवारी र सिंगिया गा.वि.स.गरी दुईवटा गा.वि.स.लाई मिलाएर रामधुनी-भासि नगरपालिकाको रुपमा स्थापीत भएको यो नगर स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन २०७३ का आधारमा साविकका वक्लौरी गा.वि.स.का सवै र डुम्राहा गा.वि.स.का १,३,४,५ र ६ गरी जम्मा छ वटा वडाहरुलाई समेत मिलाएर रामधुनी नगरपालिकाको रुपमा पुनसंरचित हुन पुग्यो र भौगोलिक अवस्थिति र स्थानीय वासिलाई सर्व सुलभ सेवा प्रवाहको हिसावले साविकका १० वटा वडाहरुमा विभाजन गरिएको नगरलाई प्रशासनिक सुगमता र सेवा प्रवाहमा सहजताका लागि वर्तमानमा ९ वटा वडाहरुमा विभक्त गरिएको छ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम रु. | फछ्यौटको विवरण |
|---|---|---|---|
| १. | **वित्तिय विवरण :** प्राप्त एकीकृत आय व्यय विवरण अनुसार रु. ८४,०५,४४,७४९।६७ आय व्यय कारोबार भएको देखिन्छ। एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तिय विवरणको ढाँचा स्वीकृत नभएको, घटी जिम्मेवारी सारेको, समानीकरण, सर्शत र विषयगत एव कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको वेग्लावेग्लै लेखा श्रेस्ता नराखी चालु र पूजीगतको मात्र श्रेस्ता राखेको, बैंक नगदी किताब अद्यावधिक र प्रमाणित नभएको, बजेट सिट नराखेको एवं दैनिक अभिलेख किताव म.ले.प.फा.नं. १०८ नराखेको एवं आम्दानी असूली एवं दाखिला म.ले.प.फा.नं. २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय विवरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय विवरणको यथार्थतामा आश्वस्थता हुन सक्ने अवस्था देखिएन । | | |
| २. | | | |

आ.ले.प.अधिकृत
रामधुनी नगरपालिका

| | | | |
|---|---|---|---|
| | **सञ्चित कोष :** स्थानीय सञ्चित कोषको स्थापना भएकोमा सोको बेग्लै आय व्यय विवरण तयार नगरेको एवं वर्षान्तमा खर्च खातामा बाँकी रकम सञ्चित कोष दाखिला गरेको पाइएन । उल्लिखित स्थितिमा सुधार गर्नुपर्दछ । | | |
| | **बजेट पेश/पारित गर्ने :** स्थानी तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिका बाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चाल आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको २०७९/०८० को बजेट २०८० आषाढ १० पारित भएको देखिन्छ ।<br>**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपक्वता मिलाउने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष करिब ३८८ कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । नगरपालिकाको विकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलब्ध समिति श्रोत साधन समान कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलब्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकीकरण परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । ३८८ योजना तथा कार्यालय स्वीकृत भएकोमा सबै योजना तथा कार्यक्रम सम्पन्न भएका छन ।<br><br>**लक्ष्य प्रगति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष करिब ..३८८..साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलामा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण शुन्य प्रगती भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको विवरण माग गरेकोमा उपलब्ध हुन सकेन । प्रगति प्रतिवेदन तयार गरी वार्षिक समिक्षा गर्ने व्यवस्था मिलाउनु पर्दछ । | | |

आ.ले.प. अधिकृत
नगरपालिका

| | | | |
|---|---|---|---|
| ६. | सशर्त र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिको वार्षिक प्रगति विवरण तयार नगरेको कारण लक्ष्य बमोजिम कार्य भए नभएको विश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगती विवरण पेश गर्नु पर्दछ । | | |
| ७. | **स्थानीय तथ्याङ्क र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट प्रक्रिया र कार्यन्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले थप पहल गर्न जरुरी छ । | | |
| ८. | **कर्मचारी कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०४९ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्थानुसार कोषको स्थापना गरेको देखिएन । | | |
| ९. | **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमायली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष निर्माण कार्यको लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी वर्षभरीमा रु.३६९५१८०७३ जम्मा भएको देखिन्छ । नियममा भएको व्यवस्था बमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी यस्तो खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाउने, यसबाट हुने खर्चको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्दछ । | | |
| १०. | | | |

आ.ले.प. अधिकृत
रामधुनी नगरपालिका

| | | | |
|---|---|---|---|
| १०.१. | **उपभोक्ता समिति मार्फत कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति बाट काम गराउने कार्यविधि उल्लेख छ । नियमावलीमा भएको व्यवस्थाको पालना सम्वन्धमा निम्नानुसार देखिएको छ । | | |
| १०.२ | नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङकन, वील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेखित छ । उल्लेखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्याङकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भए बमोजिमको बील भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको वैठक बाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | | |
| १०.३ | नियमावलीको नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेखछ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिदैन । | | |
| १०.४ | नियमावलीको नियम ९७ (९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा समितिले गरेको सडक निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको देखिन्छ । कानूनमा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति बाट कार्य गराउनु पर्ने देखिन्छ । | | |
| १०.५ | उपभोक्ता समितिवाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी भुक्तानी भई असुल गर्नुपर्ने अवस्थामा कार्यालयले आवश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकमको निश्चित प्रतिशत धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ । | | |
| ११. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण लगायतका मेसिन प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा अनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका | | |

आ.ले.प. अधिकृत
रामधुनी नगरपालिका

| | | | |
|---|---|---|---|
| | आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने कानूनले तोकेको कार्य गरेको देखिएन । | | |
| १२. | **डोर हाजिर :** तोकिएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भुर्नपर्नेछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुन सक्ने अवस्था नदेखिदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुने गरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्ने तर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | | |
| १३. | **आम्दानी खर्च सार्वजनिक : श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०५९ दफा ५० (५) अनुसार उपभोक्ता समितिबाट सम्पन्न गरिएका विकास निर्माणको वास्तविक आम्दानी खर्चको विवरण तोकिएको अनुसूची बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ।** कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका अधिकास योजनाको आम्दानी खर्च तोकिए बमोजिमको ढाँचामा सबै विवरण खुल्ने सार्वजनिक गरेको पाइएन । यसवाट आयोजनाको वास्तविक आम्दानी खर्च समितिका सदस्य तथा सरोकारवाला लाई नहुँदा मितव्ययीता, पारदर्शिता कायम हुन नसक्ने हुँदा कार्यविधिको पूर्ण पालना हुनु पर्दछ । | | |
| १४. | **निर्माण कार्यको लगत :** सार्वजनिक खरिद नियमावल, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गत विगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | | |
| | **खरिद गुरु योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ७ (१) मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधि सम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक रु. १० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नु पर्ने र नियम ८ को उपनियम (१) बमोजिम | | |

आ.ले.प. अधिकृत
रामपुनी नगरपालिका

CamScanner

| | | | |
|---|---|---|---|
| | सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। नियमावलीको व्यवस्था अनुसार खरिद गुरु योजना तथा खरिद योजना बनाउने गरेको देखिएन। खरिद योजना नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक वर्षको अन्तमा बढी गर्ने गरेको देखियो। योजना बनाएर कार्यक्रम सञ्चालन गर्नुपर्दछ। | | |
| १५. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा अन्य व्यहोराहरु त्पशिल बमोजिम रहेका छन।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्वन्धि कार्यविधि वनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा (विउ विजन खरीद पाडा, सुगुर, गाई खरीद, कृषि सामान खरिद, सोलार खरिद, फर्निचर खरिद र सडक पूर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• पलिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पलिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा वैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्टीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो। | | |

आ.ले.प.के.प्रमुख
...पुरी नगरपालिका

| | | | |
|---|---|---|---|
| | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई नदिने आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडीएस गरेको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ बमोजिम पालिकाबाट सञ्चालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरु ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक पालना भएको पाइयो ।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । | | |

आ.ले.प. अधिकृत
रामधुनी नगरपालिका

| | | | |
|---|---|---|---|
| | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरीक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाइएन ।<br>• लेखापरिक्षणको समयमा उपस्थित भइ प्रभावकारी लेखापरीक्षण गर्न सबै शाखा महाशाखाको योगदान रहनुपर्नेमा योजना र पुर्वाधार शाखाबाट लेखा शाखा तथा लेखापरीक्षणलाई सक्रीयतापुर्वक सहयोग नगरेकोले असहजताको बावजुत लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणमा माग गरीएको कागजात र जवाफ लेखापरीक्षणको बखत उपलब्ध गर्न गराउन कार्यालयले ध्यान पुर्‍याउनु पर्दछ ।<br>• वडाहरु र नगरका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु संचालन गर्दा (बिउ बिजन खरिद, पाडा, सुंगुर, गाई, खरिद, कृषी सामान खरिद, सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) बिभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकिकृत प्याकेज बनाई मितव्ययी, प्रतिष्पर्धी र दक्षतापुर्ण ढंगबाट कार्यान्वयन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाताहरु राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचलित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको पाईएन ।<br>• बेरुजु लगत : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले महालेखा परिक्षकको कार्यालयबाट प्राप्त लेखा परिक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको लगत राख्नु पर्ने व्यवस्था छ । पालिकाले बेरुजु लगतका लागि म.ले.प.फारमको व्यवस्था गरेकोमा म.ले.प. फारम ८०१, बेरुजु लगत म.ले.प. फारम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन म.ले.प.फारम ८०३, बेरुजुको केन्द्रिय कार्यालयगत लगत म.ले.प. फारम ८०४, बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म.ले.प. फारम ८०५ सम्परिक्षण सोधवारा अभिलेख सम्बन्धि फारमको अभिलेख राखिएको देखिएन ।<br>• भ्रमण खर्च : भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, कर्मचारीको भ्रमण सम्वन्धि एकिकृत विवरण प्राप्त हुन नसकेको । अत : स्पष्ट परियोजन र उद्धेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरिएको अवस्थाबाट भ्रमण खर्च भुक्तानमा दुरुपयोगको संभावना देखियो ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |

| | | | |
|---|---|---|---|
| १६. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप प्रमुख श्री तारा थापाले मिति २०८०/३/१० गते रु.८४०५४४७४९।६७ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/३/१० गते पारित भएको छ । यसै गरी स्थानीय तहमा प्रमुखले २०८०/४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनमा उल्लेख भए बमोजिम समयमा बजेट अनुमान पेश गरी पारित गराई अख्तियारी प्रदान गरेको देखिएन। | | |
| १७. | **आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिस सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुंजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन। | | |
| १८. | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समिति मार्फत भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ | | |

| | | | |
|---|---|---|---|
| | अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्तावाट छली हुने सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | | |
| १९. | **नक्सा पास** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (१) अनुसार कसैले पनि नगरपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष नगरपालिकामा नक्सा पास सम्वन्धि देहाय अनुसारको काम कारवाही भएको देखिन्छ । त्यसैले तोकेवमोजिम संरचना निर्माण गर्नु पूर्व नगरपालिकावाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयन ध्यान दिनुपर्दछ। | | |
| २०. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड वनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४०.नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८० वटा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। | | |
| २१. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्यौंट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | | |
| २२ | **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोगि सम्वन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार विक्रिवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्वन्धित नगरपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सो सम्वन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृत तथा वन पैदावारको विक्रिवाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ । | | |

CamScanner